## प्रहरी निरीक्षक आधारभूत तालीम १६५ औं समूहको दीक्षान्त सम्बोधन

**मिति:- २०७४/०२/१९ गते ।**

१. यस दीक्षान्त समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू एवं आमन्त्रित विशिष्ट पदाधिकारीज्यू लगायत सम्पूर्ण अतिथिज्यूहरुमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान परिवारको तर्फबाट हार्दिक स्वागत गर्न पाउँदा मलाई अत्यन्तै गौरवको अनुभुति भएको छ । यो समयलाई प्रथामिकता प्रदान भएकोमा प्रतिष्ठान परिवार हार्दिक आभार व्यक्त गर्दछ ।

२. नेपालमा ६३ बर्ष पहिले पुल्चोकको श्रीमहलबाट थालनी भएको प्रहरी तालिमको संस्थागत यात्रा विभिन्न कालखण्ड पार गरेर आजको अवस्थामा आई पुगेको छ । व्यावसायिक र जनमुखि प्रहरीमा रुपान्तरण हुने नेपाल प्रहरीको उत्कृष्ट अभिलाषामा यस राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले अग्रणी एवं सुत्रधारको भुमिका निर्वाह गर्दै आईरहेको कुरा यस अवस्थामा निवेदन गर्न सान्दर्भिक ठान्दछु ।

३. उद्देश्य मुलक जीवनको खोजीमा हिंडेका शिक्षित युवाहरू प्रहरी सेवामा आवद्ध भए पश्चात हामीले उनीहरुलाई यो पुलिस एकेडेमीमा प्रवेश गराएका थियौ । करिब १९ महिनाको अत्यन्तै गतिशिल अवधि भर हामीले प्रत्येक युवालाई असल र व्यावसायिकतापूर्ण प्रहरी बन्ने र वनाउने सघन प्रकृयामा सहभागी गरायौं र आज त्यही युवा समुह जिम्मेवारी बोध, व्यावसायिक सामर्थ्य र जवाफदेहीताको कानूनी र नैतिक शाहसको साथ पुलिस एकेडेमीको ढोकाबाट बाहिरिने क्रममा छ ।

४. सम्माननीय प्रधानमन्त्रीज्यू, प्रहरी निरीक्षक आधारभूत तालिम १६५ औं समूहका प्रशिक्षार्थीहरुले भर्खरै पदको सपथ लिएका छन् । सम्माननीय प्रधानमन्त्रीज्यूको गरिमापूर्ण रोहवरमा लिएको यो सपथले हाम्रा दीक्षित प्रहरी निरीक्षकहरु सेवा पर्यन्त मन बचन र कर्मले आफ्नो जिम्मेवारीको पालना गर्न उत्प्रेरित भएका छन् । र आफ्नो

कर्तव्य प्रति जवाफदेही बन्न अनुवन्धित भएका छन् भन्ने कुरामा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान पूर्ण रुपले विश्वस्त छ ।

५. १९ महिना अवधिको  यो प्रहरी निरीक्षक आधारभूत तालिम आज पुरा भएको छ । यसका साथै हाम्रा प्रशिक्षार्थीहरु त्रिभुवन विश्व विद्यालयबाट **प्रहरी विज्ञान** बिषयमा स्नातकोत्तर डिप्लोमा  शैक्षिक उपाधि हासिल गर्न समेत सफल भएका छन् । २०७२ साल कार्तिक १० गतेबाट प्रारम्भ भएको प्रहरी निरीक्षक आधारभूत तालिम १६५ औ समुहमा १३ जना महिला र ११९ जना पुरुष गरि कुल १३२ जना प्रहरी निरीक्षकहरु सफल प्रशिक्षार्थीको रुपमा आज दीक्षान्तको लागि हाम्रो सामु उपस्थित छन् । कठिन र जोखिम मुक्त सेवामा महिलाहरुको आकर्षण बढिरहेको परीप्रेक्ष्यमा प्रशिक्षार्थी महिला प्रहरी निरीक्षकहरुले तालिमको दौरान देखाएको लगन, क्षमता र प्रतिवद्धताको राष्ट्रिय प्रहरी प्रशिक्षण सह्राना गर्दछ ।

६. प्रतिष्ठानबाट प्रदान गरीने व्यवसायिक तालिमलाई शैक्षिक स्तरमा समेत र प्रभावकारी बनाउने क्रममा, प्रहरी निरीक्षक आधारभूत तालिमलाई वि.सं. २०६२ सालबाट राष्ट्रको सबैभन्दा पहिलो त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा Post Graduate Diploma in Police Sciences (PGDPS) समावेश गरिएको थियो । जस अनुसार, हाल सम्म कुल ५६५ जना प्रहरी अधिकृतहरुले Post Graduate Diploma in Police Sciencesको उपाधी हासिल गरिसकेको व्यहोरा समेत सम्माननीय प्रमुख अतिथिज्यू लगायत अन्य सम्पूर्ण विशिष्ट अतिथिज्यूहरुमा जानकारी गराउन चाहन्छु ।

७. निर्वाह गर्नु पर्ने प्रहरी निरीक्षकका दायित्वलाई सक्षमता पुर्वक बहन गर्न सक्ने दक्ष प्रहरी अधिकृत बनाउने उद्देश्यका साथ यस तालिममा समावेश PGDPS कार्यक्रम अन्तर्गत मुख्य दुई Semester मध्ये पहिलो Semester मा Foundation of public affairs management, Basic police Administration, Police operation management, Security management र Constitutional and legal system in Nepal र Second Semester मा Social research, Development management, Crime management, Crime investigation management

र Forensic Science विषयमा अध्ययन गराईएको थियो। भने, Non-Credit Course अन्तर्गत ब्यवसायीक तालिम तर्फ प्रहरी आचरण र व्यवहार, प्रहरी प्रशासन, प्रहरी कार्य, कानून अध्ययन, अपराध अनुसन्धान, प्रहरी युक्ति तथा कारबाही, कवाज, चांदमारी, शारीरिक व्यायाम तथा क्षमता अभिवृद्धि लगायतका अन्य विषय वस्तुहरुको ज्ञान तथा सीप उच्च प्राथमिकताका साथ प्रदान गरिएको थियो।

८. त्यस्तै बदलिँदो परिवेश तथा बदलिंदो चुनौतिहरुको सामना गर्न एक योग्य प्रहरी अधिकृतलाई अपेक्षित कार्य सम्पादन गर्न आवश्यक पर्ने विशेष सिप विकास अन्तर्गत Un-armed Combat, Horse riding, Swimming, Driving, Rock climbing लगायतका समसामयिक सिप विकास तर्फ पनि प्रशिक्षार्थीहरुलाई प्रशिक्षण प्रदान गरिएको थियो।

९. प्रशिक्षार्थीहरुलाई अन्तरिक तथा बाह्य प्रशिक्षणको अनुभवको साथ साथै व्यवहारीक अध्ययन गराई कार्य क्षेत्रमा सामना गर्नु पर्ने चुनौति र समाधानको उपायबाट परिचित गराई शारीरिक तथा मानसिक रुपले तयार गर्ने उद्देश्य सहित व्यवहारिक अध्ययन कार्यक्रम अन्तर्गत प्रहरीको संगठनको आधारभुत इकाई प्रहरी चौकी देखि ईलाका प्रहरी कार्यालय, जि.प्र.का., अं.प्र.का. लगायत क्षेत्रिय प्रहरी कार्यालय सम्मको कार्य जिम्मेवारीमा प्रत्यक्ष सहभागी गराईएको थियो भने, विभिन्न परिवेश तथा भूगोलबाट आएका प्रशिक्षार्थीहरुलाई देशको भौगोलिक तथा सांस्कृतिक परिवेशसंग परिचित गराउने उद्देश्यका साथ देश दर्शन कार्यक्रम राखि सगरमाथा बेश क्याम्प, टिंकर भञ्ज्याङ्ग, थोरोङ्गला पास, रारा जस्ता भौगोलिक क्षेत्रहरु समेतको अध्ययन गराईएको थियो।

१०. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले प्रशिक्षार्थीहरुलाई काम प्रतिको लगन र विश्वासले सृजना गर्ने ताकतको बारेमा बोध गराएको छ र गम्भिर चुनौतीको सम्मुखमा पनि व्यवसायिकता पूर्ण सौम्य मर्यादा कायम राख्न सिकाएको छ। जिउ धन र मर्यादाको संरक्षण गर्ने प्रहरीको आधारभूत जिम्मेवारी प्रतिको संवेदनशिलता र व्यवसायिक क्षमता सहितको दृढताको निर्माण हामीले गराएका छौ।

११. प्रहरी समस्या होईन, समाधानको अंगको अंग हो । (Police is the part of the solution, not part of the problem) भन्ने आधारभूत दर्शनका साथ हामी परिस्थितीलाई सम्हाल्ने र समाधान गर्ने सामर्थ्य राख्ने नेतृत्वदायी प्रहरी जनशक्तिको निरन्तर विकासमा संलग्न छौं । First police yourself, Secondly police the police and then you can police the people भन्ने मुल मन्त्र सहित प्रशिक्षित यो अधिकृतहरुको कार्यशैली Fair But Firm (निष्पक्ष तर दृढ) हुनेछ भन्ने कुरामा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान विश्वस्त छ ।

१२. राष्ट्रले अंगालेको स्थानिय तहमै स्व-शासन (Self-Governance) को नौलो र साहसिक अभ्यासमा यि युवा प्रहरी अधिकारीहरुले व्यवसायिक योगदान गर्न सक्छन् र यिनीहरुको नयाँ प्रकारको अनुभवहरुको प्रतिकृया कस्तो रहन्छ भन्ने कुरो आगामी दिनहरुमा प्रहरी प्रशिक्षणको राष्ट्रिय प्रणालीको लागि अत्यन्तै महत्व र चासोको विषय रहनेछ ।

१३. प्रशिक्षणलाई प्रभावकारी तथा सफल बनाउन, प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने त्रिभुवन विश्वविद्यालय, नेपाल प्रशासनिक प्रतिष्ठान, त्रि.वि. शिक्षण अस्पताल, लगायतका अन्य प्रशिक्षण प्रदायक संस्थाहरु एवम प्रशिक्षणमा संलग्न सम्पूर्ण प्रशिक्षकज्यूहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु र  गर्दै प्रहरी सेवा आफ्ना सन्ततिहरुलाई समर्पित गर्नु हुने समस्त अभिभावकज्यूहरुमा समेत सादर धन्यवाद तथा हार्दिक आभार प्रकट गर्दै तपाईहरुको आशिर्वाद र प्रेरणाले सन्ततिहरुले आफ्नो सुकर्म द्वारा सबैलाई प्रेरित गर्न सकुन भन्ने सुभेच्छा व्यक्त गर्दछु ।

१४. आफ्नो अमुल्य समयको प्राथमिकतामा यस समारोहलाई राखिदिनु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू प्रति आभार व्यक्त गर्दछु ।

१५. प्रिय प्रशिक्षार्थीहरु: God ! Whom You Have Given Your Flag; Give Them Also Strength To Carry It.

***धन्यवाद, जय नेपाल ।***